स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईले फिल्म 'मिरमिरे' बुवा र छोरीको कथामा निर्माण भएको बताएका छन्। फिल्ममा सन्तानप्रति अभिभावकले देखेको भविष्यको कथा समेत देख्न मिल्ने उनको भनाइ थियो। 'छोरीसँग आफ्नो मुख्य कुरा लुकाएर बुवाले छोरीका अगाडि देखाएको खुसी फिल्मले भन्छ' दयाहाङले भने-'यो इमोसनलाई भित्रैबाट कसरी देखाउन सकिन्छ भन्नेमा आफू र फिल्म केन्द्रित छ।'

आजको विचार...



डा. लोक भट्टराई

निर्वाचनले...
(दुई पेजमा)



नेपाली लोक गीत सङ्गीतकी सफल गायिका विष्णु माझीको नयाँ गीत 'दुधै फाटेसी' सार्वजनिक भएको छ। राजनराज शिवाकोटीको शब्द, सङ्गीतमा तयार भएको गीतमा विष्णुलाई राजनले नै स्वरमा साथ दिएका छन्। गीतमा श्याम श्वेत रसाइलीको एरेन्ज छ। यो गीत केहि वर्ष अगाडि सार्वजनिक भैसकेको गीतको नयाँ भर्सन हो। गीतको पुरानो भर्सनमा विष्णु माझी र राजु परियारको स्वर रहेको थियो।

❒ वर्ष ३१ अंक १६५ ❒ २०८२ पुस २७ गते आइतबार 11 January 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### चार खानी मजदुरको निस्सासिएर मृत्यु

(रासस/सिन्ह्वा)

काबुल पुस २६/अफगानिस्तानको उत्तरी बदख्सान प्रान्तको खास जिल्लाको बहुमूल्य र ढुङ्गाको खानीमा शुक्रबार कार्बन मोनोअक्साइड विषाक्तताबाट कम्तीमा चार जना खानी मजदुरको मृत्यु भएको प्रान्तीय प्रहरी प्रवक्ता एहसानुल्लाह कामगरले पुष्टि गरेका छन् । प्रहरीका अनुसार भूमिगत कार्यस्थल भित्र विषाक्त ग्याँस जम्मा भएपछि मजदुरहरूको निसास्यिर मृत्यु भएको थियो । अधिकारीका अनुसार मृतकको शव बरामद गरी परिवारलाई हस्तान्तरण गरिएको छ । यो घटना प्रान्तमा घातक खानी दुर्घटनाको श्रृङ्खलामा पछिल्लो हो भने सन् २०२५ अक्टोबर मा बदख्सान प्रान्तको अर्को खानीमा एउटा सुरुङ्ग ढल्दा दुई जना सुन खानी मजदुरको ज्यान गएको थियो । अफगानिस्तानमा अनियन्त्रित खानी उत्खनन अभ्यासहरू, अपर्याप्त सुरक्षा उपकरणहरू, र देशको बहुमूल्य भूमिगत स्रोतहरूको निकासीमा असक्षम श्रमको प्रयोगलाई यस्ता बारम्बार हुने मृत्युको श्रेय दिइन्छ ।

# आज पृथ्वीनारायण शाहको स्मरण गरिदैं, यस्ता छन् दिव्य उपदेश

हाम्रा संवाददाता

**पाल्पा,** पुस २६/३०४ औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस आज (आइतबार) विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । आधुनिक नेपालको एकीकरणकर्ता पृथ्वीनारायण शाहको जन्मयन्तीका अवसरमा आज विभिन्न कार्यक्रम आयोजना गरी मनाउन लागिएको हो । हरेक वर्ष पुस २७ मा उनको योगदानको स्मरण गरेर यो दिवस मनाउने गरिन्छ ।

यस अवसरमा सरकारले सार्वजनिक बिदा दिएको छ । पृथ्वी जयन्तीमा पहिले सार्वजनिक बिदा दिने गरिएकोमा पछिल्लो समय कटौती गरिएकामा पुन: केही वर्ष अघिदेखि बिदा दिइएको हो । विशेष गरी आज राष्ट्रिय प्रजातन्त्र पार्टीले देशैभर विभिन्न कार्यक्रम गर्दै छ । विभिन्न राज्यलाई एकीकृत गरी आधुनिक नेपाल निर्माणमा योगदान गरेका राष्ट्र निर्माताको




सम्मानमा कार्यक्रम गर्न लागेको पार्टीले जनाएको छ । आजभन्दा लगभग ३ सय वर्षअघि २२ से अनि २४ से राज्यहरुका रुपमा नेपाल एउटा बिभाजित अनिससाना राजा रजौटाको देश थियो । यस्तै एउटा सामान्य राज्य हालको गोर्खामा थियो जहाँको राजपरिवारमा पृथ्वी नारायण शाहको जन्म भएको हो, आधुनिक नेपालको संरचना, सपना, साकारोक्ति अनि गोर्खाली बीर सिद्धान्तका प्रतिपादक यिनै महान राजालाई मानिन्छ । यि राजालाई नेपालमात्र नभई दक्षिण एसियासम्मनै एउटा दुरदर्शी अनि राष्ट्रियताको प्रतिक नेतृत्वका रुपमा हेरिन्छ । राज्यहरूको एकीकरण र राष्ट्र निर्माणमा शाहले देखाएको बहादुरीको इतिहास धनशक्ति वा सैन्यशक्तिभन्दा इच्छाशक्ति अपराजित हुन्छ भन्ने शाश्वत सत्य-सन्देश हो । राष्ट्र निर्माण गर्दा पृथ्वीनारायण शाहले इच्छाशक्ति मात्र होइन, युक्ति र भक्ति पनि जुटाए र एउटा अदम्य साहस पैदा भयो । त्यसले सबै असम्भवलाई सम्भव बनाएको थियो । जटिलता र चुनौतीलाई अवसरमा बदल्यो । 'आफ्नो साम्राज्यमा कहिल्यै घाम नअस्ताउन' महाशक्ति बेलयायतसँग लडाइँमा भिड्नु सामान्य साहस थिएन । उत्तरको तत्कालीन तिब्बत र चीन पनि गोर्खाभन्दा अतुलनीय साधनसम्पन्न र शक्तिशाली थिए । तैपनि पुर्खाले हामीलाई एउटा स्वाभिमानी र स्वाधीन राज्य मात्र दिएनन्, वीरताको पर्यायवाची विश्वव्यापी पहिचान 'गोर्खाली' पनि दिए । भारत र बेलायती सेनामा भर्ती हुन जाने नेपालीले पाएको 'द गोर्खाज्' संज्ञा एवं गोर्खाल्यान्ड राज्यका लागि भारतीय आन्दोलन नेपाल एकीकरणको उत्तरदान हो । शाहले मुलुकमा अन्याय हुन नदिनु, सधैं गुणको होइन नुनको पछि लाग्नु, सुरक्षा निकाय र जनताप्रति बफादार रहनु,जनता मोटाउनु भनेको दरबार बलियो हुनु हो,आफ्नो संस्कृतिको संरक्षण र जगेर्ना गर्नु अत्यावश्यक छ, सानो दु:खले आर्जेको मुलुक होइन, सबै मिलेर मुलुकको रक्षा गर्नु, नेपाल दुई ढुंगाबीचको तरुल जस्तै हो, छिमेकीसँग सतर्क रहनु, अदालतको पैसा दरबारमा नलैजानु र त्यसको सदुपयोग, जोगी, संन्यासीलाई भोजन गराउनु,खानी भएको ठाउँमा गाउँ भए पनि गाउँलाई अन्यत्र सारेर खानी चलाउनुपर्छ र उब्जनीयोग्य जमिनमा बनेको घर भत्काएर भए पनि त्यहाँ खेतीपाती गर्नुपर्छ भन्ने जस्ता दिव्य उपदेश दिएका थिए । जुन दिव्य उपदेश अहिले पनि उत्तिकै सान्दर्भिक छन् । यी दिव्य उपदेश पढ्दा उनी दूरदर्शी राजा भएको प्रष्ट हुन्छ । उनको माघ १ गते ५२ वर्षको उमेरमा निधन भएको थियो । *-बाँकी अन्तिम पेजमा...*

## इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

**इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:**

-नियमित रुपमा सावुन पानीले हात धुने गरौं।

-खोक्दा वा हाच्छ्यूँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।

-जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।

-भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं

-फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं।

-सफा, ताजा र पोषिलो खाना खाऔं।

-बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

-स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं

नेपाल सरकार

विज्ञापन बोर्ड

## दश करोड बढीमा बिक्री भए भीरकोटका सुन्तला

**वालिङ (स्याङ्जा),** पुस २६/ स्याङ्जाको भीरकोट-७ बाट यस वर्षमात्रै दश करोड बढीको सुन्तला बिक्री भएको छ । वडाका विभिन्न टोलमा रहेका सुन्तला बगैंचाबाट गाउँमा दश करोड बढी भित्रिएको हो ।

वडाभित्रका सुन्तला उत्पादक कृषकहरूसँग लिइएको तथ्याङ्कका आधारमा यस वर्षमात्रै ७ नं वडाबाट दश करोड बढीको सुन्तला बिक्री भएको वडाध्यक्ष तारा अर्यालले जानकारी दिए । वडाका जिमिरे, लोलुङ्ग, बलमाटा, तिलाहार, पाङसाङ, पासिन्डाँडा, कोलडाँडा, धोवादीलगायत टोलका स्थानीय सुन्तला व्यावसायी कृषकहरूले न्यूनतम एक लाखदेखि अधिकतम ३५ लाखसम्म आम्दानी गर्न सफल भएका उनले बताए । सुन्तला उत्पादक कृषकले ठेक्का तथा प्रतिकेजी किलोको ७० का दरले



बोटबाटै बिक्री गरेका हुन् । "सुन्तला उत्पादक कृषकहरूले बिक्री गरेको परिमाण, मूल्यका आधारमा जानकारी लिँदा सुन्तला बिक्रीबाट दश करोड बढी आम्दानी भएको पाइयो", उनले भने, "वडामा सुन्तलाको बगैंचा विस्तार गर्ने क्रम जारी रहेकाले आगामी वर्षहरूमा उत्पादन वृद्धि हुँदै जाँदा आम्दानी पनि स्वत: वृद्धि हुने छ ।" *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## राष्ट्रिय एकता दिवसको सान्दर्भिकता

अखण्ड नेपालका पहिलो राजा पृथ्वीनारायण शाहको जन्मको सम्झनामा हरेक वर्ष पुस २७ गते राष्ट्रिय एकता दिवस मनाउने गरिन्छ । आजको दिनलाई पृथ्वी जयन्ती र नेपाल एकीकरण दिवस पनि भनिन्छ । शाहको जन्मदिनले प्रत्येक वर्ष विशेष महत्व पाउँदै आएको छ । राणा शासनदेखि पञ्चायती व्यवस्था र अहिले संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणाली सञ्चालन हुँदा राष्ट्रिय एकता दिवसको अपरिहार्यता शासकवर्ग र देशवासी सबैले महसुस गरेका छन् । उनले यत्रतत्र छरिएर रहेका राज्यलाई मिलाएर बृहत् नेपाल खडा गरेका थिए । यस अवसरमा धेरैले शाहको शालिकमा माल्यार्पण गर्ने, परेडमा सहभागी हुने र नेपालका लागि उनले पुऱ्याएको योगदानको स्मरण गर्ने गर्दछन् । आजको दिन केवल एउटा राजाको जन्मदिन मात्र नभई सिंगो नेपालको पहिचान अनि नेपालीपनाको विगुल फुकिएको र झकझक्याउने दिनका रुपमा पनि लिइने गरिन्छ ।

पृथ्वी नारायण शाहका दिव्य उपदेश अहिले पनि उत्तिकै सान्दर्भिक छन् । तर पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइँरहदा पछिल्लो समय विभिन्न टीका–टिप्पणी हुने गरेका छन् । कसैले माने पनि नमाने पनि पृथ्वीनारायण शाह नेपाल राज्यका एकीकरणकर्ता र राष्ट्रनिर्माता हुन् । यसमा दुई मत छैन् । एकताको उपहास हुनु दुखद् हो ।

आज देशभित्रै राजनीतिक दलहरु सत्ताको लडाईमा लागेका छन् । जसका कारण नेपालको राष्ट्रियता धमिलिएको छ भने राष्ट्रको अस्तित्व नै खतरामा परेको छ । यस्तो अवस्थामा राष्ट्रिय एकता दिवसको सान्दर्भिकता बढ्दो छ । स्वभावत: यस्तो अवस्थामा राष्ट्रिय एकताको आवश्यकता महसुस गरिनु स्वाभाविक हुन आउँछ । राष्ट्र एक रहोस् भनी कामना गर्नु र त्यसका लागि सतत् प्रयत्न गर्नु हरेक राष्ट्रभक्त नागरिकको कर्तव्य पनि हो । तर त्यसो हुन सकिरहेको छैन् । नेपालका राजनीतिक दलका नेताहरूले छातीमा हात राखेर सोच्ने हो भने पृथ्वीनारायणको सम्झना नगरेर बस्न सकिने अवस्था छैन । हिजो पृथ्वी नारायण शाहाले एकीकरण गरेका नेपाली भूमिहरु छिमेकी देशहरुले अतिक्रमण गर्दा समेत नेपालका राजनितिक दलहरु मौन हुनु दुखद् हो । दिवसलाई औपचारिकता दिनका लागि मात्र दिवस मनाइनु हुँदैन । देशभक्ति पृथ्वी नारायण शाहाको योगदानलाई शिरोधार्य गर्न सकिएन भने दिवस मनाउनुको कुनै अर्थ रहदैन । यसर्थ अहिलेको अवस्थामा पृथ्वी नारायण शाहले दिएको योगदान र सन्देशलाई अनुसरण गर्नु अहिलेको आवश्यकता रहेको छ । यसतर्फ सबै राजनीतिक दलहरुले सोच्न जरुरी छ ।

### Opinion @ Socia Network

सपना फुल्ने रातहरुमा तिम्रा याद नआएको कुनै पल नै हुँदैन, तर दिनको सुरु भए पछि साच्चै लाग्ने यादहरु त्यही हिजोको जस्तै पुरानो एक अतित बनिदिन्छ ।
*(सोनी आलेको **फेसबुक स्टाटसबाट** www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्वाचनले मात्र नसुल्झिने नेपालको समस्या



**डा. लोक भट्टराई**

> ***नेपालमा विगतमा भएको प्रजातन्त्रको अभ्यास र सरकारहरूले सुशाशन दिन नसकेका कारण यो परिस्थिति निर्माण हुन फ्युलिङ चाहिँ गरेको हो । कसैका लागि पद र सत्ता प्राप्तिको कुरा होला, तर चुनावकेन्द्रित राजनीतिक बहस र अरु कुरातर्फ आँखा चिम्लेर चुनावमा मात्र केन्द्रित बहस देशका लागि पर्याप्त छैन ।***

धेरैलाई लागेको छ कि अहिलेको नेपालको गोलमाल मुख्यत: राजनीतिक र केही शासकीय विषय मात्र हो । तर त्यो बुझाइ अत्यन्त सतही हुनेछ । माथिल्लो उचाइबाट हेर्दा अहिलेको समस्या राजनीतिक मात्र देखिएन । आर्थिक मात्र पनि देखिएन। यो बुझ्न आवश्यक छ कि अहिलेको स्थिति निकै जटिल र आपत्तिउन्मुख देखिन्छ । आन्तरिक राजनीति र सतहका शासकीय एवं आर्थिक विषय त आवरण मात्र हुन् । यो लेखमा म अहिलेको जटिल, विषम र चुनौतिपूर्ण परिस्थिति उत्पन्न हुनमा र एउटा चुनौतिमाथि अरु चुनौती थपिएर स्थितिलाई भयावह बनाउन योगदान गर्ने चारवटा मुख्य जिम्मेवार अर्थ-राजनीतिक र अन्य तत्व एवं तिनका अन्तर्सम्बन्धबारे विवेचना गर्नेछु । ती चार तत्वमध्ये पहिलो- नेपालको भू-राजनीतिक अवस्थिति, दोस्रो- नेपालको उत्पादन र अर्थतन्त्रको स्वरुप, तेस्रो- श्रम सम्बन्ध र मानव भूगोल अनि चौथो- शिक्षा, सोसल मिडिया र जनताको मनोविज्ञान हुन् । स्थितिलाई जटिल बनाउन यी एक्लाएक्लै शायद यति प्रभावकारी हुँदैन थिए, जति यी चारले एकै ठाउँ, एउटै समयमा र एकैचोटि प्रभाव उत्पन्न गरिरहेका छन् । यी तत्वहरू एक्लाएक्लै हुँदा तिनको एक्लाएक्लै समाधान गर्न धेरै हदसम्म सजिलो र सम्भव हुने थियो, जुन सुविधा अहिलेलाई उपलब्ध छैन । यो स्थितिमा नेपाली जनताका सामु यी चार तत्वको छुट्टाछुट्टै र समष्टिगत प्रभाव देख्न र तिनलाई सुझबुझका साथ निम्ट्याउन सायद अन्तिम मौका उपलब्ध भएजस्तो देखिन्छ । नेपालमा विगतमा भएको प्रजातन्त्रको अभ्यास र सरकारहरूले सुशाशन दिन नसकेका कारण यो परिस्थिति निर्माण हुन फ्युलिङ चाहिँ गरेको हो । तर, अब कुनै तरिकाको चुनाव, शासकीय परिवर्तन वा विकासको कुनै नयाँ योजनाले मात्र देशलाई शान्त र जनतालाई संयमित राख्न सक्ने स्थिति छैन । अब साँच्चै देशको भविश्य र नेपाली जातिको अस्तित्व रक्षाका लागि सोच्ने हो भने परिस्थितिको गम्भीर बहस र सहमति निर्माण हुनु आवश्यक देखिन्छ । कसैका लागि पद र सत्ता प्राप्तिको कुरा होला, तर चुनावकेन्द्रित राजनीतिक बहस र अरु कुरातर्फ आँखा चिम्लेर चुनावमा मात्र केन्द्रित बहस देशका लागि पर्याप्त छैन । चुनाव त विगतमा पनि हुँदै आएको छ । तर, त्यसले निकास नदिएको सबैले देखिआएको कुरा हो । यो फरकलाई बुझ्नका लागि सोचको धरातल नै फरक हुन आवश्यक छ । विषयको महत्व र गाम्भीर्यता बुझ्न सर्बप्रथम हामीले विशाल र अत्यन्त शक्तिशाली दुईवटा छिमेकी राष्ट्रका बीच कुनै सानो भूभाग र सानो जन संख्या भएको नेपालको विशिष्ट अवस्थिति र परिस्थिति बुझ्न आवश्यक छ । विश्व परिदृश्यमा अहिले भारत र चीनको अवस्था २०, ३० वा ५० बर्षअघिको जस्तो छैन। अहिले नेपालको जस्तो शक्ति सन्तुलनविहीन क्षेत्रीय परिदृश्यमा विश्वका अन्य कुनै पनि मुलुक नरहेको तथ्यतिर ध्यान दिनु आवश्यक छ । यो यथार्थले नेपालको भल्नरेबिलिटी तिर प्रष्ट संकेत गर्छ । व्यापारका हिसाबले, उत्पादनको साधनमा नियन्त्रणका हिसाबले, सप्लाई चेनमाथि नियन्त्रणका हिसाबले, क्षेत्रीय सुरक्षा प्रबन्ध र जोखिमका हिसाबलेसमेत अहिले विश्वको ध्यान चीन र भारत वरिपरि छ । यस्तो संगीन स्थितिमा यी दुई देशका बीच सानो भूगोल समेटेको स्वतन्त्र राष्ट्र नेपालको अस्तित्वको वास्तविकताले धेरै बौद्धिक, अन्तरराष्ट्रिय सम्बन्ध वा सामरिक विषयका पण्डितहरूका दिमागमा चुनौती र सम्भावनाका खेलहरू र तानाबानाहरू बुन्नका लागि खुराक दिएको छ । खेलहरू विभिन्न कोणबाट खेलिन खोज्दै छ ।जसका कारण नेपालमाथि विभिन्नखाले चाखहरू मडारिएका छन् । कसैलाई नेपालको अवस्थिति समस्या भएको छ, कसैलाई यसले अवसर दिएको अनुभव भएको छ । तसर्थ, त्यस्ता विभिन्न शक्तिले नेपालका फरक शक्तिसँग सहकार्य गरिदिँदा अस्थिरता त रोगजस्तै बन्ने देखिएको छ । राजनीतिक शक्ति मात्रै चाहिएन, एउटा एनजीओलाई परिचालित गरेरै पनि बाह्य शक्तिले चाहेको कुरा हुने यो परिस्थिति भन्दा चिन्ताजनक के हुन सक्छ ? अर्को कुरा, करिब यस्तै 'फायर सिट'मा अहिले संसारका अन्य कुनै पनि साना देश नरहेको कुराले यो समस्या नेपालको मात्र र विशिष्ट समस्या हो भन्ने जनाउँछ । तसर्थ, यसमा अरुबाट सिक्ने उदाहरण नै उपलब्ध छैन। यो एउटा गम्भीर र ताजुबको यथार्थ हो । अहिलेसम्मको ल्याकत हेर्दा नेपाली राजनीतिज्ञ, कुटनीतिज्ञ र नेपालका स्वतन्त्र बुद्धिजीवीहरूबाट समेत यो दिशामा आशालाग्दो कामको सुरुवात भएको वा अग्रसरता लिइएको अवस्था छैन । यस विषयलाई थप जटिल पारिदिने अर्को तत्व हो नेपालको अर्थतन्त्र र उत्पादनको स्वरुप । नेपाल निरन्तर रुपमा आयातमुखी देशका रुपमा विकसित हुँदै गएको छ । देशसँग किन्ने सामानको अनुपातमा बेच्ने वस्तु र सेवाहरूका बीच निकै असन्तुलन भएका कारण आयात र निर्यातमा १० गुनाको फरक हुन थालेको छ । त्यसमाथि त्यो अन्तरराष्ट्रिय व्यापार मुख्यत: भारतसँग निर्भर छ । यस्तो अत्यधिक र एकतर्फी निर्भरताको विभिन्न तहमा प्रभाव पर्नु स्वाभाविक हो । यस्तो निर्भरताका कारण नेपालले खाद्य सम्प्रभुता गुमाउँदै गएको छ । विषादीयुक्त निम्न गुणस्तरको खाद्य सामग्रीको आयातका कारण जनस्वास्थ्यमा चुनौती थपिँदो छ । र, भारत-निर्भरताको कारण अन्तरिक उद्यमशीलतामा कामै हुन सकेको छैन। यसैका कारण वस्तु आयात-निर्यातमा भारतको मनोमानी निरन्तर कायम छ र आपूर्ति श्रृंखला बेलाबेला भत्कने र त्यसैका कारण नेपालमा भारतप्रति समग्र विरोधी मनोविज्ञान विकास हुने क्रम पनि जारी छ । त्यसमाथि नेपालको राजनीतिमा भारतको दबाव वा हस्तक्षेपको सानो सुईँको मात्र पाएपछि त्यो कुरा नेपाललाई नै हलचल बनाउने विषय बन्ने गरेको छ । जसले गर्दा नेपालमा राजनीतिक उथल-पुथल त घटना मात्र हैन, संरचनात्मक प्रवृत्ति नै हुन गइरहेको छ र त्यसै कारण राजनीतिक संघर्ष फेरि पनि भइरहने सम्भावाना जीवित देखिन्छ । अर्थतन्त्रको यो विशिस्ट स्थितिमा परिवर्तन नल्याई एउटा चुनावबाट मात्र नेपालले स्थिरता हासिल गर्न नसक्ने वस्तुगत परिस्थितितर्फ गहिरो चिन्तन हुन जरुरी देखिएको छ । तेश्रो बुँदा भनेको श्रम सम्बन्ध र मानव भूगोलको कुरा हो । नेपालको अहिलेको वार्षिक जीडीपीको करिब २० प्रतिशत भाग बैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले ओगटेको छ। प्रविधि र उद्धयमशीलताको पिछौटेपनका कारण ठूलो हिस्सामा युवा वर्गले वैदेशिक रोजगारीलाई आफ्नो जीवन यापनको आधारका रुपमा अपनाउने प्रवृत्ति बढेको छ। र यो रेमिट्यान्स-ट्र्याप अर्को गम्भीर समस्याको विषय बन्दै गएको छ । यसको विभिन्न तहमा अर्थ-राजनीतिक महत्व छ । रेमिट्यान्सका कारण वर्षमा करिव २० खर्ब रुपैयाँ नेपाल भित्रने र त्यसका कारण अर्थतन्त्रमा अत्यधिक तरलताको स्थिति बनेको छ । त्यो तरलताका कारण अन्य क्षेत्रमा कुनै प्रगति गर्न नसके पनि सरकारलाई सामान्य खर्च धान्नका लागि गारो परेको छैन ।फलत: कुनै सरकार दैनिक कारोबार धान्न नसकेर ढल्ने स्थिति पनि छैन । त्यसो भन्नुको मतलव त्यो रेमिट्यान्सका कारण पुरानो, निकम्मा कामचोर प्रशासन व्यवस्थामा परिवर्तन ल्याउन कुनै दबाव परेको छैन, बरु त्यसले भ्रष्ट कर्मचारीतन्त्र र भ्रष्ट व्यवस्था पालिरहेको अवस्था छ । अत्यधिक ठूलो युवा वर्गको जनसंख्या विदेशमा भएपछि देशभित्र सुसाशनको दबाव दिने समूहको कमी हुँदै गरेकाले सुशासन झन् झन् कमजोर हुँदैछ । उता रेमिट्यान्सका कारण बैंकमा थुप्रिएको रकम निश्चित बर्गको हातमा पुगेको र क्रमश: त्यो पुँजी वैदेशिक पलायन हुने गरेको देखिन्छ। राम्रो र उत्तरदायी मिडिया हुन्थ्यो भने गरिबले खाडीमा कमाएको पैसा पहुचवालाले बैंकबाट झिकेर विदेश पुऱ्याइरहेको झन् डरलाग्दो तस्बिर उदांगो हुने खतरा थियो । यो यथार्थको छिटपुट सूचनाका आधारमा समेत देश र विदेशमा बस्ने नेपालीहरू आन्दोलित र क्रुद्ध हुन पुगेका छन् । जसले एकपछि अर्को राजनीतिक घटना भड्काउने काम गरेको छ । यसमा जोडिएको चौथो पक्ष भनेको नेपालको शिक्षा, सोसल मिडियाको प्रभाव र मनोविज्ञानको हो । देशको समग्र शिक्षा र कुसाग्रता (आइक्यु ) कमजोर रहेको भन्ने कुराको चर्चा हुने गरेकै छ । जुन देशमा शिक्षा र बौद्धिकता कमजोर हुन्छ त्यहाँको जनतामा सही र गलत छुट्याउने क्षमता कमजोर हुन्छ । त्यस्तो अवस्थामा सोसल मिडिया मार्फत डिपफेकको प्रभाव बढ्दै जाने र त्यसले जनताको मनोविज्ञानलाई एकदम बढी इमोसनल, आक्रोशित, र अस्थिरखालको बनाउन मद्दत गर्छ । र, त्यो स्थिति भनेको उग्रराष्ट्रवाद (जसमा तथ्यभन्दा मनोगत कुराको बाहुल्य हुन्छ) को मलजल गर्ने, छिटो छिटो परिवर्तनको माग गर्ने र आज पुरै एकातिर ढल्किएको जनमत भोलि नै पुरै अर्कोतर्फ ढल्किने अवस्था सिर्जना गर्ने कारक हुन् । ठीक यही कुरा अहिले नेपालमा हुँदै गरेको देखिएको छ । यसरी विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय तत्वहरूको घुलन र टकरावका कारण नेपाली राज्य व्यवस्था र समाज अहिले निक्कै अशान्त हुनका साथै दबावमा परेको छ, जसको तात्कालिक र 'क्विक् फिक्स' खोजियो भने त्यो अर्को गल्ती हुनेछ । देशमा विगतदेखि नै एकपछि अर्को गर्दै चुनाव हुँदै गएको छ । तर जनताको उत्साहप्रद सहभागितामा चुनाव सम्पन्न भएको १-२ बर्षमै फेरि विरोध, र विद्रोह पनि हुने गरेको छ । तसर्थ चुनावसँगै नेपालले आफ्नो भू-राजनीतिक अवस्थितिलाई समस्या हैन, अवसरका रुपमा उपयोग गर्ने रणनीति र सीप विकास गर्ने, अर्थतन्त्रको स्वरुपमा परिवर्तन गर्दै भारत-निर्भरता कम गर्दै लाने, रेमिट्यान्स ट्र्यापबाट मुक्त हुने उपायहरूको खोजी गर्दै आन्तरिक उद्यमशीलताको प्रवर्धनमा जोड दिने, शिक्षाको विकास र जनतामा सिभिक एजुकेसनलाई प्रवर्धन गर्ने कार्यक्रम लागु गर्ने जस्ता कुरा गर्न सके क्रमश: सकारात्मक परिवर्तन हुँदै देश शान्त, प्रगतिमुखी र चेतना-नियन्त्रित बन्न सक्थ्यो कि भन्ने आशा गर्न सकिन्छ । नत्र, सोसल मिडियाको दुरुपयोगबाट जन्मने नौटंकीहरूको राज हुने र क्रमश: देशको सार्वभौमिकता र स्वतन्त्र अर्थ व्यवस्थासमेत धराशायी हुन गई 'फेल्ड स्टेट' यौटा तीतो यथार्थ बन्न सक्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रशासनिक क्षेत्रमा सफलता मिल्नेछ। रोजगारीको नयाँ अवसरहरू फेलापार्न सकिनेछ। | **तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ । |
| **वृष** : सकारात्मक दिशातर्फजान सकिनेछ। मुद्दा मामलाहरूमा पक्ष बलियो रहनेछ। | **वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । | **धनु** : आँटेको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । | **कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **मीन** : लेखन कलामा निखार आउनेछ। आँटेको कार्यसम्पादन गर्न सकिनेछ। |

कृषि

# बाढी बीमामा किसानको आकर्षण बढ्दो

पछिल्ला वर्षहरुमा मनसुनमा हुने भारी वर्षाले कृषि क्षेत्रमा ठूलो नोक्शानी गरेको छ । सबै भन्दा बढी थन्क्याउन ठिक्क भएको धानबाली नोक्शानी भइरहेको छ । यही आर्थिक वर्षमा मनसुन सकिन लाग्दा असोज १७, १८ र १९ गते देशभर परेको वर्षाका कारण मुलुकभर साढे ३ अर्ब रुपैयाँ बराबरको अन्नबाली नोक्शानी भयो । कृषि तथा पशुपंक्षी मन्त्रालयलका सूचना अधिकारी महानन्द जोशीकाअनुसार धान, तरकारी, उखु तथा माछा पोखरीमा पुगेको क्षति साढे ३ अर्ब रुपैयाँ बराबरको छ । हरेक वर्ष पाक्न लागेको धानमा बर्षाले क्षति पुऱ्याउने गरेको छ । बाली बीमाको बारेमा मनसुनी चर्चा हुने गरेको भएपनि सबै किसान बीमामा आवद्ध छैनन् । सरकारसँग अन्नबाली तथा पशुपंक्षी बीमा योजना छ । यस्तो बीमाले किसानको बालीमा भएको क्षतिको ९० प्रतिशत सम्म क्षति बहन गर्ने सूचना अधिकारी जोशीले बताए ।

**बीमा कार्यक्रमबाट किसान खुशी**

बीमाबाट क्षतिको जोखिम हस्तान्तरण गर्न पाएपछि किसान खुशी छन् । धानबालीमा भएको क्षति बापत् राहत पाउने भएपछि बीमा गर्न थालेको राजापुर ३ नंगापुरका किसान बनिया थारुले बताए । उनि भन्छन् "तीन चार वर्षदेखि हामीलाइ ढुक्क भएको छ । पहिले धान खेत बाढीले डुबाउँदा क्षतिपूर्ति पाउँथेनौ । वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख नेत्रप्रसाद जैसीले नीति बनेपछि किसानलाई नोक्शानीअनुसार रकम उपलब्ध गराउन सहज भएको बताए । उनले भने "धान काट्ने बेलामा पानी पर्छ कि पर्दैन रु भन्ने बारेमा किसानको धेरै चासो हुने गरेको थियो, अहिले अटोमेटिक मोबाइलमा म्यासेज आउँछ, यसले सजिलो बनाएको छ । अनलाईनमार्फत पनि काम भइरहेको छ । हामीले पनि सँगैसँगै काम गरिरहेका छौं । " राजापुर नगरपालिकामा पनि यस्तो नीतिको मस्यौदा अन्तिम चरणमा रहेको छ । बर्दियाको राजापुर नगरपालिकाका सूचना प्रविधि अधिकृत तथा विपद् सम्पर्क व्यक्ति खुशीराम थारुले स्थानीय सरकारले बीमा कार्यक्रममा जोडिन किसानलाई सहजीकरण गरेको बताए । बाढी बीमालाई व्यवस्थित बनाउन नीति बनाउने तयारीमा लागेको पनि उनले उल्लेख गरे । उनले भने "यो राम्रो कार्यक्रम हो, यसबाट किसानले लाभ पनि लिएका छन् । राजापुर नगरपालिकाले पनि कानूनी आधार तयार पारेर अपनत्व लिने गरी काम गरिरहेको छ ।" प्राक्टिकल एक्शनका वरिष्ठ कार्यक्रम अधिकृत चक्रबहादुर बमकाअनुसार जोखिम हस्तान्तरण पद्धतिमा पहुँच कायम गरी बाढी जोखिम क्षेत्रमा बसोवास गर्ने साना किसान तथा सीमान्तकृत वर्गको आर्थिक क्षति कम गर्न बाढी बीमा कार्यक्रम लागू गरिएको हो । उनले भने "किसानले दुई,तीन घण्टाअघि नै बाढी आउने सूचना पाएपछि घरबाट निस्कन, सामान निकाल्न सक्थ्य । तर खेतमा रहेको धान त जोगाउन सकिँदैन थियो । उहाँहरुलाई क्षतिपूर्ति दिनको लागि हामीले यो कार्यक्रम लागू गरेका हौं । पहिले बीमाको बारेमा गलत धारणा भएको भएपनि अहिले यो बीमामा धेरै किसान आकर्षित हुनुभएको छ । किनकी यो बीमा सजिलो छ । बुझ्न पनि सजिलो छ । भुक्तानी पनि सजिलो छ, बाढी आएको केही दिनमै किसानले भुक्तानी पाइसक्छन्, जुन अचेल अनलाईन प्रक्रियाबाट अझ छिटो भएको छ ।" कर्णाली नदीमा पानीको सतह



बढ्ने बित्तिकै बीमित किसानको मोबाइलमा बाढीले सूचकांक तह पार गरेको सन्देश आउँछ, त्यो सँगै कति प्रतिशत भुक्तानीको लागि योग्य भएको पनि जानकारी भईहाल्छ । जल तथा मौसम विज्ञान विभागले बाढीको सूचकांक तह प्रमाणीकरण गरेपछि बीमा कम्पनीले स्थानीय स्तरमा रहेका र किसानका बीमा वाहक सहकारीहरुको खातामा बीमा रकम भुक्तानी गर्छ । त्यसपछि सहकारीमार्फत बीमा रकम तुरुन्तै बीमित किसानको खातामा जम्मा हुन्छ । यसरी यति छोटो समय र स्वचालित रुपमा बिमित किसानले बीमा रकम आफ्नै खातामा प्राप्त गर्ने भएकाले यसमा अन्य बीमा कार्यक्रम जस्तो भुक्तानीका लागि झन्झटिलो प्रक्रिया गर्नुपर्दैन । शिखर ईन्सुरेन्स कम्पनी गुलरिया शाखाका प्रवन्धक ढुण्डीराज रिजालले प्रक्रिया झन्झटिलो र जटिल नभएकाले बाढी बीमाले किसानको मन जित्न सफल भएको बताए । किसानको जोखिम बीमा कम्पनीमा हस्तान्तरण हुने हुँदा किसानले जोखिम मोल्नुपर्ने अवस्था नरहेको स्थानीय शरद साना किसान सहकारी राजापुर १ की अध्यक्ष भगवती साहले बताए । उनले भने " पहिले किसानले गरेको दुखको मुल्य न्युन थियो । ठूलो पानी परे धान बग्थ्यो । बाढीले डुबाउँथ्यो । तर बीमा गरेपछि किसानले जोखिम हस्तान्तरण गर्न पाएका छन् । हामी किसानह खुशी छौं । प्रत्येक वर्ष मनसुन अगाडी बीमामा भर्ना प्रक्रिया कहिलेबाट शुरु हुन्छ भन्दै थुप्रै किसान सदस्यहरुले फोन नै गर्छन् ।" लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लाका स्थानीय सरकारले विभिन्न प्रकारका बिमा कार्यक्रम लागू गरेका छन् । बर्दिया र कैलालीको कर्णाली नदी तटिय क्षेत्रमा भने सूचाकांकमा आधारित बाढी बीमा योजना प्रभावकारी देखिएको छ । सूचाकांकमा आधारित बाढी बीमा योजनाले बाढीका कारण नागरिकको सम्पतीमा हुने आर्थिक क्षति र नोक्शानीलाई बीमा कम्पनीमा हस्तान्तरण गर्दछ । हाल बर्दिया र कैलालीका स्थानीय तहमा धानबालीमा बाढी बीमा कार्यक्रम लागू गरिएको छ । बर्दियाको राजापुर, गेरुवा र मधुवन नगरपालिका तथा कैलालीको टिकापुर र जानकी गाउँपालिकामा यो बीमा सञ्चालनमा छ । विगतका विभिन्न तहको बाढीले धानबालीमा गरेको क्षतिको वैज्ञानिक अध्ययन गरी बाढीको तह (सूचकांक) र बीमा रकमको भुक्तानी प्रतिशत तय गरी कर्णाली नदीको चिसापानी जलमापन केन्द्रलाई आधार बनाई तल्लो तटिय क्षेत्रका समुदायमा बाढी बीमा लागू गरिएको हो । कैलालीको चिसापानीस्थित नदी जलमापन केन्द्रमा तोकिएको बाढी सूचकांकको आधारमा बाढी बीमामा आवद्ध किसानलाई बीमा रकम भुक्तानी गर्ने गरिन्छ । विगतमा भएको तथा सम्भावित क्षतिको वैज्ञानिक अध्ययनका आधारमा क्षतिको पहिले नै आँकलन गरिएको हुनाले सूचकांकमा आधारित बीमामा पुन: क्षतिको मूल्याङ्कन आवश्यक पर्दैन, यद्यपी यस्तो आँकलन समय समयमा अद्यावधिक गरिन्छ । यदि जलमापन केन्द्रमा बाढीको तह तोकेको सूचकांक भन्दा माथि पुग्यो भने बीमा कम्पनीले जल तथा मौसम विज्ञान विभागबाट बाढीको तह प्रमाणीकरण गरी बीमा रकम स्वचालित रुपमा सामुहिक बीमा वाहक सहकारीमा र सहकारीले किसानको खातामा भुक्तानी गर्छ । वैज्ञानिक अध्ययनअनुसार चिसापानी केन्द्रमा बाढी कुन तहमा पुग्दा तल्लो क्षेत्रमा धानबालीमा विगतमा कति क्षति भएको थियो भन्ने पहिचान गरिन्छ र त्यसैको आधारमा बीमा रकमको भुक्तानी प्रतिशत तय गरिएको हुन्छ । त्यसअनुसार कर्णालीको तल्लो तटिय क्षेत्रका लागि जल मापन केन्द्रमा पानीको सतह १० दशमलव ८० देखि ११ दशमलव ८० मिटर पुगेमा किसानले बीमा रकमको १० प्रतिशत रकम प्राप्त गर्छन् । यस्तै १२ दशमलव ८० पुगेमा २५ प्रतिशत, १३ दशमलव ८० पुगेमा ५० प्रतिशत रकम पाउँछन् । पानीको सतह १४ दशमलव ८० पुगेमा ७५ प्रतिशत र त्यो भन्दा माथि पुगेमा किसानलाई शतप्रतिशत बीमा रकम दिइन्छ । तल्लो सूचकमै भइसकेको क्षति माथिल्लो सुचकमा नहुने तर क्षति नभएका थप बालीमा क्षति थपिए माथिल्लो सूचक छुँदा तल्लो सुचक मै भुक्तानी भईसकेको बीमा रकम कटौती गरेर बाकीँ बीमा रकम मात्र भुक्तानी गरिन्छ ।

**चार वर्षमा ८ हजार बढि किसानले गरे बाढी बीमा**

समुदायका लागि जलवायु उत्थानशील कार्यक्रम अन्तर्गत स्थानीय सरकार, प्राक्टिकल एक्शन र शिखर बीमा कम्पनीको साझेदारीमा ४ वर्षदेखि लागू भएको सूचकांकमा आधारित बाढी बीमा कार्यक्रममा हाल सम्म ८ हजार ५ सय ६२ किसान सहभागी छन् । चालु आर्थिक बर्षमा बर्दियामा १ हजार ४ सय ४७ र कैलालीमा ६ सय ५३ जना किसानले ५ सय ४१ हेक्टर क्षेत्रफलको लागि बाढी बीमा गरेका थिए । नेपालमा मनसुन शुरु हुनु अगाडीको निश्चित समयमा सहभागी हुन मिल्ने तथा तोकिएको मनसुन अवधिसम्म मात्र योग्य हुने यस योजनामा, यस आर्थिक बर्षमा भने २ हजार १ सय १६ किसानले धान बालीका लागि बाढी बीमा योजनामा सहभागी भएका थिए । जलवायु परिवर्तनका कारण मनसुनी वर्षामा देखिएको बदलावबाट आउने अस्वभाविक बाढीले धानबालीमा पुग्ने क्षति तथा हानीनोक्शानीबाट किसानलाई राहत दिनका लागि पनि यो बाढी बीमा कार्यक्रमलाई मुलुकभर सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । यस्तै बीमा योजना अन्य जलवायुजन्य प्रकोप र किसानका सम्पतीहरुमा समेत लागू गर्नसके झनै प्रभावकारी हुने देखिन्छ । अझ, विकासशील देशहरुले सामना गर्दै आएको जलवायुजन्य प्रकोपबाट हुने क्षति र जलवायु वित्तको आवश्यकताको सन्दर्भमा त झन बीमाको माध्यमबाट जोखिम हस्तान्तण गर्नुपर्ने देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# कोदो, मकै फल्ने बारीभरी लटरम्म सुन्तला : यस वर्ष रु १५ लाखको बिक्री



ढोरपाटन (बागलुङ), पछिल्ला समयमा बसाइँसराले गाउँ रित्तिदै छ । गाउँमा भएकाहरु पनि सहर झर्ने मिति जुराउँदै छन् । जिल्लास्थित किमबोटबाट बसाइँ सर्नेमध्येका लोकनाथ कँडेल एक छन् । १३ वर्ष अगाडि सुबिधा खोज्दै बागलुङ बजार झरेका उनि अहिले पनि प्राय: गाउँमै भेटिन्छन् । कँडेल गाउँमै भेटिनुको मुख्य कारण हो, सुन्तला । जिल्लामै अगुवा किसानका रुपमा परिचित कँडेलले बसाइँसरे पनि जग्गा जमिन र घर छाडेका छैनन्। किमबोट गाउँमा उनको ३२० बोट सुन्तला छन् । यसमध्ये २५० बोटले फल दिइरहेका छन् । सुन्तलाको स्याहार सुसारका लागि उनि हरेक हप्ता गाउँ पुग्नन्छन् । कँडेलले सुन्तला खेती गर्न थालेको साढे तीन दशक बढी भयो । विसं २०४७ मा रु ३५ हजार लगानी गरेर सुरु गरेको सुन्तलाखेती अहिले फस्टाएको छ । हरेक वर्ष आम्दानी बढ्दै गइरहेको छ । २०४७ सालमा कँडेलले सुन्तलाखेती सुरु गर्दा बागलुङ जिल्लामै सडक आएको थिएन । स्थानीय कासीराम कँडेलले बिहुँ क्षेत्रमा सुन्तला खेतीको सुरुआत गरेका थिए । उनिबाटै सिकेर उनले सुन्तला लगाएका हुन् । साठी वर्षीय कँडेलले १४ रोपनी क्षेत्रफलमा सुन्तलाखेती गर्दै आएका छन् । गाउँको माया र सुन्तला खेतीप्रतिको मोहले गर्दा बागलुङ छोडेर टाढा बसाइँ नसरेको कँडेल बताउन्छन् । वरपरका छिमेकीले धमाधम गाउँ छोडेपछि आफूले पनि परिवार लिएर बागलुङ बजार आएको उनको भनाइ छ । बिरामी पर्दा नजिक उपचार गर्न आशले मात्रै आफू बजार झरेको कँडेलले बताए । भएभरको सम्पत्ति गाउँमै रहेको जनाउँदै कँडेलले अहिले पनि सबैभन्दा धेरै सुन्तला उत्पादन गर्ने आफू भएको बताए । "औषधि पानी खाने अस्पतालको नजिक भनेर बजार झरेको, हाम्रो नातागोता र छरछिमेकी सबै तराईतिर गए, हामीहरु चाँही घर पायकपर्छ भनेर बागलुङ बजारमा आएको हो, यहाँबाट गाउँ नजिक छ, हरेक साता गाउँ जाने सुन्तलामा मल पानी लगाउने, गोडमेल गर्ने काम गर्छु" उनले भने-"म बजारमा बस्ने भन्ने मात्रै मेरो मन दिनहुँ गाउँमा हुन्छ, गाउँमा धेरै सुन्तला छ, अझ यो बेला टिप्नका लागि तयार हुँदै छ, चोर लाग्ने डर हुन्छ ।"

**कोदो, मकै फल्ने बारीभरी सुन्तला**

अहिले लटरम्म सुन्तला फलेका बारीमा पहिले कोदो, मकै उत्पादन गरेर जीविकोपार्जन गरेको कँडेलले स्मरण गर्नुभयो । मकै र कोदो उत्पादन गर्दा वर्षभरी खान नपुग्ने जनाउँदै अहिले सुन्तलाले जीवनस्तरनै परिवर्तन भएको कँडेल बताउन्छन् । सुन्तला खेतीबाट छोराहरु पढाएको सुनाउँदै अहिले सबै जापाज, अमेरिका र पोर्चुगल रहेको उनको भनाइ छ । सुन्तलाखेती गर्न थालेपछि कुनै पनि जग्गा बाँझो राख्न नपरेको कँडेलले बताए । सुन्तलाखेती गर्दाका बखत सडकले गाउँ नजोडिएको भन्दै डोकोमा बोकेर बागलुङ बजार ल्याएर बिक्री गरेको स्मरण गर्दै अहिले त्यस्तो अवस्था नरहेको बताए । बसाइँसराइ गरेर तराई झरेकाहरुले पनि सुन्तलाको मायाले जग्गा जमिन नबेचेको उनले सुनाए । उनले भने, "सुरु सुरुमा ढोकोमा बोकेर बागलुङ बजार पुऱ्याउँथ्यौं, अहिले व्यापारी बारीमै आएर बगानै किन्छन्, बगानै बिक्री गर्दा हामीहरुले उचित मूल्य पाउन सक्दैनौं, व्यापारीलाई बगान नदिँदा बजार नपाएर कुहिने डर हुन्छ, राज्यले हाम्रो उत्पादनलाई उचित मूल्य दिएर बजारीकरण गरिदिने भए धेरै आम्दानी गर्न सकिन्थ्यो ।"

**जिल्लाकै बढी सुन्तला फलाउने लोकनाथ** : उनि बागलुङ जिल्लामै सबैभन्दा बढी सुन्तला उत्पादन गर्ने किसान हुन् । उनले गत वर्ष रु १३ लाखको सुन्तला बिक्री गरेका थिए, भने यसवर्ष रु १५ लाखको बिक्री गरिसकेका छन् । थप दुई लाखको परिवारले खानका लागि राखेको कँडेलले सुनाए । तीस बोटबाट खेती सुरु गरेको जनाउँदै हरेक वर्ष नयाँ बिरुवा थप्दै गएको उनको भनाइ छ । हालसम्म करिब २५ लाख बढी लगानी गरिसकेको कँडेलले बताए । अहिले किमबोट गाउँमा सुन्तलाखेती नगर्ने कोही पनि नभएको उनको भनाइ छ । पछिल्लो समय बिहुँ क्षेत्र सुन्तला गाउँका रुपमा पचिरित हुँदै गएको उनि बताउन्छन् । यस वर्ष चितवन र धादिङका व्यापारीले सुन्तला बगान खरिद गरिसकेको कँडेलले बताए । सुन्तलाको दाना बढ्ने बेला असिना पर्दा केही क्षति भए पनि अघिल्लो वर्षको तुलनामा उत्पादन बढेको उनको भनाइ छ । *-रासस*

# केराखेतीमा 'टिआर फोर' को सङ्क्रमण

जिल्लामा लगाइएको केराखेतीमा नयाँ रोगको सङ्क्रमण देखिएको छ । पश्चिम चितवनका किसानले लगाएका केरामा पानामा रोगको नयाँ भेरिएन्ट (टिआर फोर) को सङ्क्रमण देखिएको हो । जिल्लास्थित राष्ट्रिय कृषि अधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख महेश रेग्मीका अनुसार पश्चिम चितवनमा लगाइएको पाँच बिघा क्षेत्रफलमा यो रोगको सङ्क्रमण देखिएको हो । करिब ५५ बिघा क्षेत्रफलमा लगाइएको केराखेतीमध्ये पाँच बिघामा पानामा रोगको नयाँ भेरिएन्टको सङ्क्रमण देखिएर केराको गुवो लाग्ने समयमा थामबाट फल बाहिर निस्कन थालेको उनले जानकारी दिए । किसानले नवलपरासीबाट ल्याएर लगाएका बिरुवामा यो समस्या देखिएको रेग्मीले बताउनुभयो । केहीसमय अघिदेखि यो समस्या देखिएपछि अहिले परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला काठमाडौं र कृषि अनुसन्धान परिषद् (नार्क)मा नमुना पठाइएको उनले



जानकारी दिए । जिल्लामा बाहिरबाट केराको बिरुवा ल्याउने हुँदा परीक्षण गरेर मात्र ल्याउन उनले सबै किसानलाई आग्रह गरे । पश्चिम चितवनमा केराखेती गर्दै आएका कृषक यज्ञ सुवेदीले आफूले नवलरपरासीबाट ल्याएको बिरुवामा समस्या देखिएको बताए । उनले भने, "रोग देखिएपछि त्यसको व्यवस्थापनको पाटोमा काम गरिरहेका छौं । यो रोगको कुनै उपचार नभएकाले जोतेर रोग अन्यत्र फैलन नदिने गरी व्यवस्थापन गरिएको छ ।" जिल्लामा पहिलोपटक यो रोग देखिएको एकाइका प्रमुख रेग्मीले जानकारी दिए । यो सङ्क्रमणबाट बच्नका लागि रोग लागेका केरा फार्ममा प्रयोग भएका औजार तथा यातायातलाई निर्मलीकरण गरेर अन्य फार्ममा लैजानु पर्ने तथा रोग देखिका फार्मलाई पूर्ण रूपमा निर्मलीकरण नगरी केराका नयाँ बिरुवा लगाउन नहुने उनले बताए । जिल्लामा हाल दुई हजार ८०० हेक्टर क्षेत्रफलमा केराखेती गरिँदै आइएको छ । जसमध्ये दुई हजार २०० हेक्टर क्षेत्रफल 'केराजोन'मा पर्दछ । यहाँ वार्षिक ४३ हजार १९३ मेट्रिकटन केरा उत्पादन हुँदै आएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । *-रासस*

# काँग्रेसले देशैभरका कार्यालयमा झण्डा झुकाउने




**पाल्पा,** पुस २६/नेपाली कांग्रेसले पार्टीका पूर्वकेन्द्रीय सदस्य, प्रवक्ता, पूर्वमन्त्री तथा वरिष्ठ पत्रकार होमनाथ दाहालको सम्मानमा तीन दिन पार्टीको झण्डा आधा झुकाउने भएको छ । शनिबार बसेको केन्द्रीय समितिको आकस्मिक बैठकले पार्टीका एक असल नेता दाहालको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै पुस २६, २७ र २८ गते पार्टीको झण्डा आधा झुकाउने निर्णय गरेको हो ।

केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयहरूमा झण्डा आधा झुकाउने काँग्रेसले जनाएको छ । पुस २७ गते आइतबार भने सबै कार्यालय बन्द गरिने र स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयहरूमा शोक पुस्तिका राखिने पनि निर्णय गरिएको छ । साथै, सम्बन्धित जिल्ला ओखलढुङ्गामा १३ औं दिन शोकसभाको आयोजना गरिनेछ । दाहालको ८४ वर्षको उमेरमा शुक्रबार काठमाडौंमा निधन भएको थियो । केन्द्रीय कार्यसमितिले उनको निधनप्रति शोक प्रस्ताव पारित गर्दै परिवारजन र आफन्तप्रति समवेदना व्यक्त गरेको छ । दाहाल नेपाल पत्रकार महासंघका पूर्वसभापति, राष्ट्रपुकार साप्ताहिकका सम्पादक तथा प्रकाशक र गोरखापत्र संस्थानका पूर्वअध्यक्ष थिए । लोकतान्त्रिक आन्दोलनमा उनको योगदान स्मरणीय रहेको छ । उनले पटक-पटक जेल जीवन बिताएका थिए र २०५६ सालको आम निर्वाचनमा ओखलढुङ्गा जिल्लाबाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका थिए । उनले कृषि तथा सहकारी मन्त्रीको जिम्मेवारी पनि सम्हालेका थिए । दाहालले पार्टीको विभिन्न जिम्मेवारीमा रहेर नेपाली काँग्रेसको संगठन विस्तार र नेपालको लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भुमिका निर्वाह गरेको भन्दै काँग्रेसले स्मरण गरेको छ ।

# अवैध भरुवा बन्दुक बरामद

**पाल्पा,** पुस २६/बेवारिसे अवस्थामा प्रहरीले रैनादेवी छहरा गाउँपालिका-८ सुनाह जंगलमाबाट भरुवा बन्दुक बरामद गरेको छ ।

जंगलमा अवैध हतियार लिई सिकार खेल्न आएको भन्ने प्रहरीलाई प्राप्त सूचनाको आधारमा खानतलासी गर्दा सुनाहा जंगलमा बेवारिसे अवस्थामा अवैध हतियार (भरुवा बन्दुक) फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक सूचना अधिकारी होमप्रकाश चौधरीले जानकारी दिए । प्रहरीलाई प्राप्त गोप्य सूचनाको आधारमा प्रहरी चौकी बल्डेङ्गढीबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा टोली खटिगई खानतलासी गर्ने क्रममा बेवारिसे अवस्थामा अवैध दुई थान भरुवा बन्दुक बरामद गरेको प्रहरीले जनाएको छ । उक्त विषयमा आवश्यक अनुसन्धान भैरहेको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिए । प्रहरीले गत महिना अवैध भरुवा बन्दुक बरामद गरेको थियो । घरमा लुकाई राखेको अवस्थामा प्रहरीले तानसेन नगरपालिका-१३, बौघागुम्हाबाट भरुवा बन्दुक बरामद गरेको थियो ।

# आज पृथ्वीनारायण...

...विक्रम सम्वत् १७७९ मा आजकै दिन अर्थात् पौष २७ मा पिता राजा नरभुपाल शाह र माता कौशल्यावति देवीका प्रथम पुत्र पृथ्वी नारायण शाहले नै आधूनिक नेपालको खाका कोरेका हुन् । पृथ्वी नारायण शाहको पालामा हालको भारत अधिन रहेको तत्कालिन पञ्जाबदेखि सिक्किमसम्म नेपाली भू-भाग रहेको र आजको वर्तमान नेपालभन्दा विशाल नेपाल उतिबेला रहेको थियो । १८ औं र १९ औं शताब्दीको अन्तर्राष्ट्रिय राजनीति हेर्ने हो भने पनि अहिलेका विशालयकाय विभिन्न देशहरु त्यसै समयमा एकिकृत भएका देखिन्छन् । स-साना राज्य, शाषक, कबीला अनि समुदायबाट एउटै देशको छानाभित्र सबैलाई ल्याउन युद्धहरु त्यस बखत विश्वभरि नै भएका थिए । शाहले बाइसे चौबीसे राज्यमा छरिएर रहेका राज्यहरुलाई एकीकरण गरेर आधुनिक नेपाल निर्माण गरेका थिए । नेपाल एकीकरण गरेकाले शाहलाई 'राष्ट्र निर्माता'को उपमा समेत दिने गरिन्छ ।


## कर्मचारी आवश्यकता

प्रकाशित मिति : २०८२/०९/२४

**कर्मचारी आवश्यकताको पुनः विज्ञापन सम्बन्धि सूचना**

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/०९/२४ गतेको निर्णय तथा रैनादेवी छहरा गा.पा.को च.नं.७१४ मिति २०८२/०९/०७ गतेको अनुमति पत्रानुसार तपसिल बमोजिको अस्थायी करार विद्यालय सहयोगी कर्मचारी छनौटका लागि विज्ञापन प्रकाशित गरिएको छ । विज्ञापनमा उल्लेखित विवरण अनुसारका योग्य इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

१. विज्ञापन नं. ०१/२०८२, २. **पदः** विद्यालय सहयोगी (१ जना) , ३. **न्यूनतम शैक्षिक योग्यताः** साक्षर । ४. **दरखास्त दिने मिति** : २०८२/०९/२४ गतेदेखि अन्तिम मिति २०८२/१०/०८ गते कार्यालय समय भित्र । ५. **उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

६. **आवश्यक कागजातहरु** : उम्मेदवारको हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपीहरु, कार्यानुभव भए सो सम्बन्धि कागजात ।

७.**आवश्यक सीप तथा क्षमताः** नेपाली भाषा पढ्ने, लेख्ने, सञ्चार गर्ने र सामान्य हिसाब सम्बन्धी सीप,सामान्य डिजिटल साक्षरता सीप भएको,सेवा सम्बन्धि, विद्यालय, स्थानीय तह र समसामयिक विषयवस्तुको जानकारी भएको,विद्यालयको हाताभित्र सरसफाई र स्वच्छता कायम गर्ने,कार्यालयसम्बन्धी सामान्य काम (फाइल मिलाउने, कागजात ओसार पसार) गर्न सक्षम,शारीरिक तथा मानसिक रुपमा स्वस्थ,इमान्दार, अनुशासित र जिम्मेवार ।

८. **सम्पर्क मितिः** दरख्वास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

९. परीक्षा मिति र स्थान सम्पर्क मितिमा तोकिनेछ ।१०. **परीक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता । ११. **दरखास्त दस्तुरः** रु.५००/ । १२. **तलव सुविधा** : प्रचलित नियमानुसार । १३. छनौट परीक्षाका दिन सक्कल प्रमाणपत्रहरु साथमा ल्याउनुपर्नेछ ।

१४. अन्य विस्तृत जानकारीका लागि सम्पर्कः ९८६७१२४०१८,९८४७०७०४१८,९८४७०००२०३

**श्री वेद वेदाङ्ग संस्कृतः तथा साधारण माध्यमिक विद्यालय**

रैनादेवी छहरा-१ सिद्धेश्वरदेवले, अर्चले, पाल्पा

## वर्गिकृत

१X५ साइजमा

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्।

सम्पर्कः ०७५-५२०६०१


खेलकुद समाचार

# तानसेनमा प्याब्सन कप २०८२ सुरु




**पाल्पा,** पुस २६/जिल्लाको तानसेनस्थित टुँडिखेल मैदानमा जिल्लास्तरीय अन्तर विद्यालय "प्याब्सन कप" २०८२ सुरु भएको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) पाल्पाले आफ्नो स्थापना दिवसको अवसरमा "प्याब्सन कप" को सञ्चालन गरेको हो ।

जहाँ क्रिकेट, भलिबल र ब्याडमिन्टनका खेलहरुमा प्रतिस्पर्धा हुने छ । प्रतियोगितामा प्याब्सनमा आवद्ध ३८ विद्यालयमध्ये १४ वटा विद्यालयका विद्यार्थीहरुले भाग लिएका छन् । प्रतियोगिताको शनिबार तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि श्रेष्ठले शैक्षिकक्षेत्रसँगै खेल क्षेत्रको विकासमा प्याब्सनले देखाएको सक्रियता महत्वपूर्ण रहेको बताए । उनले खेलकुद स्वस्थ जीवनयापनका साथै अनुसाशनमा रहन र आफ्नो प्रतिभा देखाउने माध्यम रहेको उल्लेख गरे । नगर प्रमुख श्रेष्ठले विद्यालयस्तरमा नै खेलकुदलाई महत्व दिन आवश्यक रहेको बताए । उनले पाल्पा विगतमा खेलकुद क्षेत्रमा ख्याति कमाएको जिल्ला भएकाले यसलाई स्थानीय सरकारले प्राथमिकताका साथ हरेक वर्ष बजेट विनियोजन गर्दै आएको उल्लेख गरे । खेलाडीहरु राष्ट्रका गहना भएकाले उनीहरुको प्रतिभाको मूल्याङ्कन गरि उचित वातावरण र अवसर दिनु अहिलेको आवश्यकता रहेको उनको भनाई छ । प्याब्सनका जिल्ला अध्यक्ष डाँसुराम पन्तले खेलकुदलाई प्राथमिकता दिएर विगतदेखी नै आफ्नो स्थापना दिवस मनाईदै आइएको बताए । उनले उनले भने "हामीले प्याब्सन स्थापना दिवसको अवसरमा विगतमा खेलकूदका गतिविधिहरु गर्दै आएका थियौं, बिचमा केही समय ग्याप हुन गयो, अहिले आएर फेरी त्यसलाई निरन्तरता दिएका छौं ।" विद्यार्थीहरुमा थुप्रै अन्तरनिहित क्षमताहरु रहेकाले ति क्षमतालाई प्रस्फुटन गर्न खेलले महत्वपूर्ण टेवा पुग्ने अध्यक्ष पन्तले विश्वास व्यक्त गरे ।


चार दिनसम्म चल्ने प्रतियोगितामा क्रिकेट, भलिबल र ब्याडमिन्टन विधाका खेलहरु हुने उनले जानकारी दिए । खेलमा १४ विद्यालयका छात्र छात्रहरुको सहभागिता रहेको छ । प्रतियोगिताको शुभारम्भ प्याब्सनका जिल्ला अध्यक्ष पन्तको अध्यक्षता, सल्लाहकार तथा प्याब्सन प्रदेश सदस्य पुर्ण बहादुर थापाको सञ्चालनमा कार्यक्रम भएको थियो । क्रिकेट खेलको नगर प्रमुख श्रेष्ठले ब्याटिङ र प्याब्सनका जिल्ला अध्यक्ष पन्तले बलिङ गरेर उद्घाटन गरेका थिए ।

# दश करोड बढीमा...

...सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि कोदो, मकै हुने बारीहरूमा सुन्तला बगैंचा विस्तार गर्ने क्रम बढ्दै गएको छ । सुन्तलाको पकेट क्षेत्रको रूपमा रहेको भीरकोट-७ मा तीन वर्षअघि बगैंचा विस्तार गरिएको थियो । आम्दानीसित जोड्नका लागि थप ५०० रोपनी क्षेत्रफलमा पन्ध्र हजार ५०० बिरुवा रोपिएको थियो । यहाँका कृषकहरूलाई सुन्तलाखेतीप्रति थप आकर्षित गर्नका लागि सुन्तला बगैंचा व्यवस्थापन शिविर, उपकरण हस्तान्तरण, रोग कीरा नियन्त्रणसम्बन्धी सहजीकरण तथा परामर्श दिइएको उनले बताए । "यहाँ उत्पादन भएको सुन्तला काठमाडौं, पोखरा, बुटवल, नारायणगढसहित स्थानीय बजारमा खपत हुने गरेको छ", उनले भने, "ज्याला, ढुवानीसहित हाल प्रतिकेजी ७० का दरले बोटबाटै व्यापारीले लैजाने भएकाले बजारको कुनै समस्या छैन ।" भीरकोट-७ जिमिरेका सुन्तला कृषक देवीलाल अर्यालले यस वर्ष १५ लाख बढीको सुन्तला बिक्री गरे । उनले अहिले प्रतिकेजी ७० का दरले सुन्तला बगैंचाबाटै बिक्री गरिरहेका छन् । सोही वडाको लोलुङ्गाका ७१ वर्षीय लालप्रसाद कोइरालाले पनि यस वर्ष १५ लाख बढीको सुन्तला बिक्री गरेका छन् । यहाँका विभिन्न टोलमा रहेका सुन्तला बगैंचाबाट धेरैजसो सुन्तला बिक्री भइसकेको छ भने केही बिक्री हुनेक्रममा छन् । स्याङ्जाबाट यस वर्ष एक अर्ब ३२ करोड मूल्यको सुन्तला उत्पादन भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष कूल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो । स्याङ्जामा गत वर्षको तुलनामा यस वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

*---रासस*


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई